

वागीश्वरी माविमा अध्ययनरत छात्रा कृयाकलापमा भाग लिदैं

# वागीश्वरी

## The Bagiswori



वागीश्वरी माविमा अध्ययनरत छात्रा प्रयोगात्मक अभ्यास गर्दै

वर्ष:१४ ✹ अङ्क: २ ✹ बिहिबार, १५ जेठ २०८२ ✹ Thursday, 29 May 2025 ✹ मूल्य रु .५/-

आजका युवाहरूको नयाँ बाटो
✍ नारायणमान बिजुक्छैं (का. रोहित)
वरिष्ठ राजनीतिज्ञ एवं केन्द्रीय अध्यक्ष, नेमकिपा
पृष्ठ २

आधुनिक र शिक्षित युवा,
परिवर्तन र सकारात्मक सोचका खम्बा
✍ बिनिता तामाङ
पृष्ठ ३

विद्यार्थीहरूलाई एआई टुल्स सम्बन्धी तालिम
पृष्ठ ४

# नव आगन्तुक विद्यार्थीलाई स्वागत तथा पुरस्कार वितरण




वागीश्वरी माध्यमिक विद्यालयको आयोजनामा नव आगन्तुक विद्यार्थीहरूलाई स्वागत, वार्षिक परिक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण एवं सांस्कृतिक कार्यक्रम जेठ ९ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि एवं वागीश्वरी मा.वि. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिका वडा नं. ९का वडाध्यक्ष रवीन्द्र ज्याखवले अनुशासन हाम्रो गहना, संस्कार हाम्रो सभ्यता भएको विचार व्यक्त गर्नुभयो । वागीश्वरीमा पीजीदेखि स्नातकोत्तर तहसम्म अध्ययन गर्न सक्ने वातावरण रहेको जानकारी दिँदै वागीश्वरीमा रहेका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूले आफ्ना सन्तानलाई यस विद्यालयमा अध्ययन गराई विद्यालय प्रगतिमा भएको

*बाँकी पृष्ठ ४ मा*


# हाजिरी जवाफ प्रतियोगिता सम्पन्न



भक्तपुर । वागीश्वरी कलेज अफ म्यानेजमेन्टको आयोजना र छैंठौ सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूको सहकार्यमा हाजिरी जवाफ प्रतियोगिता जेष्ठ ९ गते सम्पन्न भयो ।

वागीश्वरी कलेज अफ म्यानेमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले यस्तो अतिरिक्त क्रियाकलापले विद्यार्थीहरूको बौद्धिक विकासमा सहयोग गर्ने बताउनुभयो । विद्यार्थीहरूको सहकार्यले विद्यार्थीहरूलाई अझ जिम्मेवारीबोध गराउने बताउँदै उहाँले प्रतियोगितामा एन्ड्रोमेडा समूह प्रथम तथा पेगासुस समूह पहिलो रनर अप भएका थिए ।

प्रतियोगीहरूलाई मेडलले सम्मान गरिएको थियो । ६, ६ जनाको चारवटा समूह रहेको हाजिरीजवाफ प्रतियोगिताका र्‍यापीड राउन्ड, सामान्य ज्ञान, श्रव्य र दृष्य गरी ३ चरणमा । सृष्टि कायष्ठ, रोशना वनमाला, मनोज कुटुवाले प्रतियोगिता कार्यक्रम सञ्चालन गर्न सक्रिय योगदान गरेका थिए ।




वागीश्वरी कलेज बिए तथा बिबिएस तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूमा अतिरिक्त सीपहरू (Extra Skills) विकास गर्ने उद्देश्यले सञ्चालित Non-credit course अन्तर्गत MS- Office Suite Mastery Class को समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम ।

# कर्णाली प्रदेशका नौ विद्यालयको अवलोकन भ्रमण सम्पन्न

भक्तपुर । वागीश्वरी मा.वि. च्याम्हासिंहका शिक्षकहरूको एक टोली कर्णाली प्रदेशका विभिन्न विद्यालयहरूको साताव्यापी अवलोकन भ्रमण गरी फर्केको छ । जेठ ३ गतेदेखि ९ गतेसम्म भएको उक्त भ्रमणको क्रममा मुगु, जुम्ला, कालिकोट, दैलेख र सुर्खेतका गरी नौ} ओटासामुदायिक विद्यालयहरूको अवलोकन गरेको कुरा भ्रमण टोलीका संयेजक ज्ञानसागर प्रजापतिले बताउनुभयो ।

भ्रमणको क्रममा मुगु जिल्लाको मुर्मास्थित नेपाल राष्ट्रिय मा.वि, जुम्लाका तीन ओटा स्कुलहरू गोठीज्युलाको कनकासुन्दरी मा.वि.,पाण्डवगुफाको पाण्डवगुफा मा.वि. र खलङ्गाको चन्दननाथ मा.वि. अवलोकन गरिएको थियो ।

*बाँकी पृष्ठ ४ मा*

# वागीश्वरीका विद्यार्थीहरूद्वारा शिखरापुरमा सर्वेक्षण

शिखरापुर । वागीश्वरी कलेज मानविकी सङ्काय स्नातक प्रथम र दोस्रो वर्षका सामाजिक कार्य, ग्रामीण विकास, समाजशास्त्र र अङ्ग्रेजी विषयमा अध्ययनरत विद्यार्थीहरूले सामुदायिक सर्वेक्षण र सिकाइ कार्यक्रम दक्षिणकाली नगरपालिकास्थित शिखरापुर सामुदायिक सिकाइ केन्द्रमा सोमबार सम्पन्न गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि शिखरापुर सामुदायिक सिकाइ केन्द्रका प्रमुख सल्लाहकार शशी शर्मा अर्यालले आजका विद्यार्थीहरू सकारात्मक बनेर राम्रो उद्देश्यको लागि सपना देखीराखनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

*बाँकी पृष्ठ ४ मा*



मजबुत इच्छाशक्ति भएका मानिसका निम्ति असम्भव भन्ने कुरा केही छैन । सम्भाव्यता भन्ने कुरा भविष्यलाई माया गर्ने मानिसका लागि मात्र रहेको हुन्छ । कोरियाली भाषामा असम्भव भन्ने शब्द नै छैन ।
❑ किम जोङ इल

## सम्पादकीय

### शिक्षक आन्दोलन हात्ती आयो हात्ती आयो फुस्सा ? १५ असार नयाँ शिक्षा ऐन

अन्तत: सरकारले नेपाल शिक्षक महासङ्घलाई माछामाछा भ्यागुतो गरिछाड्यो । २०८२ साल असार १५ गते भित्र २०२८ सालमा राजा महेन्द्रद्वारा जारी पञ्चायती शिक्षा ऐन विस्थापित गरी नेपालको संविधान २०७२ को सङ्घीय गणतान्त्रिक भावना अनुसारको नयाँ शिक्षा ऐन जारी गर्ने भन्ने शिक्षक महासङ्घसँग गरेको सम्झौता उक्तसमय सीमाभित्र कार्यान्वयन नहुने भएको छ । सरकार शिक्षकहरूको समस्याप्रति पटक्कै गम्भीर नभएको कुरा यसले थप पुष्टि गरेको छ ।

सङघीय गणतन्त्र पनि वास्तवमा पुजीवादी व्यवस्था नै हो । पुजीवादी व्यवस्थामा जनताको आवाज सुनुवाइ हुँदैन । सत्तास्वार्थ मै सरकार केन्द्रित हुन्छ । धाधलीपूर्ण निर्वाचन, भ्रष्टाचार, भागवण्डाजस्ता अनेक कुकृत्ययुक्त यो व्यवस्था नामधारी कम्युनिस्ट एमालेको नेतृत्वमा सरकार भए पनि मूलत: यो काङ्ग्रेसी सरकार नै हो । कम्युनिस्ट घोषणापत्रमा पुजीवादी व्यवस्थामा सरकार पुजीपति वर्गको सञ्चालक समिति मात्र हुन्छ भनेर प्रष्ट लेखिएको छ । काङ्ग्रेस-एमालेका उच्च पदस्थ व्यक्तिहरूले नै नाफामुखी ठूलठूला निजी शैक्षिक सस्था सञ्चालन गरिरहेको अवस्थामा संविधानमा कक्षा ८ सम्म नि:शुल्क र अनिवार्य अनि कक्षा १२ सम्म नि: शुल्क हुने प्रावधान राखिएको भए पनि ती कागजको खोस्ता सावित भइरहेको छ । यदि सम्झौता कार्यान्वयन नभएमा ती नै शैक्षिक माफियाहरूको स्वार्थमा शिक्षक आन्दोलन भएको प्रमाणित हुनेछ । यही जेष्ठ मसान्त भित्रमा देशभरका विद्यालय EMIS अध्यावधिक गर्ने हुँदा सामुदायिकतर्फ विद्यार्थी घट्ने र संस्थागततर्फ बढ्ने निश्चित प्राय: देखिन्छ ।

किनभने, विद्यार्थी भर्ना अभियानका बेलामा सामुदायिक स्कुलहरू बन्द गरी एकातिर आन्दोलन गर्नु र अर्कोतिर निजी स्कुलहरू निर्बाध रूपमा सञ्चालन भएका थिए । त्यसैबेला आन्दोलनको विरोधको आवाज नसुनिएको होइन । त्यो आवाज आज सही सावित हुँदै छ ।

सरकारसँग २०७५ साल पहिलो पटक सम्झौता भयो, कार्यान्वयन भएन, दोस्रो पटक २०७८ र तेस्रो पटक २०८० पनि सम्झौता भयो ती पनि कार्यान्वयन भएनन् भने चौथो पटक २०८२ मा भएको सम्झौतामात्र कार्यान्वयन हुन्छ नै भने के ग्यारेटी भन्ने त त्यही बेला प्रश्व उठ्कै हो । शिक्षक महासंघले अब उधारो सम्झौता नगर्ने भन्दै नयाँ शिक्षा ऐन लिएर सडकबाटै सरकारलाई धन्यवाद दिएर स्कुलमा फर्कने भनेको थियो । यद्यपि उधारोमै सम्झौता गरी महासङ्घले सरकारसामू घुँडा टेक्यो । महिनौको शिक्षक आन्दोलन हात्ती आयो हात्ती आयो फुस्सा हुने हो कि भन्ने आशङ्का गर्न थालिएको छ ।

पीडित शिक्षकहरूको पीडा माथि सरकारले खेलवाड गर्छ भने त्यो सरकारको निम्ति निकै ठूलो प्रत्युत्पादक हुनेछ । नयाँ शिक्षा ऐन जारी गर्न क्रियाशील संसदको शिक्षा समितिमा शिक्षामन्त्रीको विनातयारीको उपस्थितिमा सांसदको प्रश्नको सही र सटिक उत्तर दिन नसक्दा मन्त्रीले ३ दिनको समय माग्नु र उक्त समयमा पनि कुनै तयारी नहुनु बरु थप ७ दिनको समय माग्नुले शिक्षामन्त्री रघुजी पन्त कै नयाँ शिक्षा ऐन प्रति खासै गम्भीर नभएको स्पष्ट हुन्छ । समितिमा सभापनि अम्मरबहादु थापाले 'यस्तै ताल हो भने एक वर्षमा पनि शिक्षा ऐन जारी हुन नसक्ने' भनी आक्रोश व्यक्त गर्नु भएको छ । शिक्षक महासङ्घले सरकारलाई सम्झौता कार्यान्वयन नभए विगतमा भन्दा कडा आन्दोलन गर्ने चेतावनी दिएको छ । त्यो आन्दोलन अर्को वर्षको भर्ना अभियान कै बेलामा त हुने होइन भनी प्रश्न गरिएको छ ।

सम्पादक मण्डल
संरक्षक
मोहनप्रसाद प्रजापति
कृष्णप्रसाद धन्छा
धनकुमार श्रेष्ठ
कृष्णप्रसाद कर्माचार्य
सल्लाहकार
ज्ञानसागर प्रजापति
पूर्णभक्त दुवाल
सम्पादकमण्डल
एलिशा प्रजापति
सृष्टिकुमारी शाही
कोपिला वलन
प्रतिक्षा कटुवाल
सोनु खत्री
अनिशा सुनार
दीपिका न्यौपाने
सरिना बाडें

# आजका युवाहरूको नयाँ बाटो

✍ नारायणमान बिजुक्छें
(का. रोहित)
वरिष्ठ राजनीतिज्ञ एवं केन्द्रीय अध्यक्ष,
नेपाल मजदुर किसान पाटी

अचेल हरेक दैनिक पत्रपत्रिका हेर्दा आशा, प्रकाश एवं नयाँ उत्साहका समाचार र लेखहरू पाउनुभन्दा सत्तामा बसेका आजका र हिजोका प्रधानमन्त्रीहरू र मन्त्रीहरूलाई 'भ्रष्टाचारी', 'स्वार्थी' र 'विदेशी दलाल' भनी अनेक सन्धि-सम्झौता, व्यापार र विदेशीहरूसँग गरेका व्यापार एवं अनेकौं समझदारी र असमान सम्झौता गरेकामा सत्तो-सराप जस्ता समाचार र टिप्पणीहरू व्यापक छन्, जसरी टोल, गल्ली, भोज, चिया पसल र बस एवम् चौतारीमा हिजोका र आजका 'म नै हुँ' भन्ने प्रधानमन्त्री र मन्त्रीहरूलाई व्यङ्ग्य र कटाक्ष गरिएकै पाइन्छ ।

त्यस्तै दैनिक अखबारहरूमा नेतृत्वमा हानथाप गर्न खोज्ने नयाँ युवा नेताहरूलाई 'धिक्कार' छन् भने ती माथिका 'सराप' र 'धिक्कार'को पछाडि निश्चय पनि लाखौं लाख नेपाली जनताका भावना र असन्तुष्ट अभिव्यक्ति मिसिएका छन् भनी अनुमान गर्न गाह्रो छैन । तर, ती सबै अभिव्यक्तिहरूमा केही सरलता मिसिएको देखिन्छ भने केहीमा राजनीतिक आदर्श, चिन्तन र व्यवहारबारे गम्भीर जिज्ञासा र प्रश्नहरू उठाइएका पनि छन् । आज संसारका झन्डै २०० देशहरूमध्ये यस्ता कुनै देश छैन होला जहाँ सबै वर्तमान पुँजीवादी व्यवस्थालाई स्वीकारेका जनता एकै मतमा होलान् । तर, सत्य के हो भने संसारका संसदीय वा पुँजीवादी प्रजातन्त्र भनिने देशहरूमा गरिएका सर्वेक्षणहरूमा ती देशहरूका ५४ प्रतिशतदेखि ८५ प्रतिशत जनता संसदीय प्रणालीको दोषपूर्ण प्रजातन्त्रलाई नै संसारमा अहिले देखिएका सबै दु:ख, गरिबी, अशिक्षा, उपचारको अभावमा करोडौंको हत्या-हिंसाका राजनैतिक मत-मतान्तर र आर्थिक असमानताका कारणलाई जिम्मेवार ठहऱ्याउँछन् ।

माथिका सरापभित्र सूक्ष्मरूपले विश्लेषण गर्दा २००७ सालदेखि आजसम्मको नेपालको भारत र पश्चिमी देशहरूसँग भएका कोशी, गण्डकी, टनकपुर, महाकाली, त्रिशुलीदेखि एमसीसीसम्मका नदीनाला र विद्युत सम्बन्धित हरेक असमान सन्धि-सम्झौतामा नेपाल ठगिएको वा धम्कीको सामुन्ने झुकेको साबित हुन्छ भन्ने ठहरमा आधारित छ । आजसम्म नेपालले आफ्नो देशको कारखानामा सलाई बनाउन गन्धक भारतसँग 'माग्नु' या 'किन्नु' पर्छ । नेपालले गन्धकदेखि सडक निर्माण कार्यको निम्ति र एउटा ढुङ्गा खानी पड्काउन नेपालले आफै बिस्फोटक पदार्थ र एउटा नयाँ हतियार पनि बनाउन पाउँदैन न त भारतसँग नसोधी विदेशसँग नयाँ हात-हतियार किन्न पाउँछ । भारतको इच्छाबिना वा स्वीकृतिबिना कुनै पनि नेपाली तयारी सामान, ढुङ्गा वा काठपातसमेत श्रीलंका, पाकिस्तान वा बंगलादेशलाई स्वतन्त्ररूपले बेचेर आफ्नो व्यापार गर्न पाउँदैन । नेपालको ४०० रूपियाँको सिमेन्टलाई नेपाली जनतालाई ८५० रूपियाँमा बेच्न बाध्य पार्छ । यसैको अर्थ हो - नेपाल विस्तारवाद र हैकमवादको छायाँमा अवस्थित छ । नेपालमा बन्ने हरेक कलकारखानाको निम्ति भारतको स्वीकृतिबिना सम्भव छैन तथा नेपालको बजारको ८० प्रतिशत सामान महँगो होस् वा सस्तो, भारतले मात्रै उपलब्ध गराउनुको अर्थ यही हो । व्यापारका हरेक सामानमा भारतको निगरानी हुन्छ । नेपालकै सरकारका माथिल्ला नीति निर्माता मन्त्री, कर्मचारी र सल्लाहकारहरू नेपाली नागरिकता पाएका विदेशीहरू छन् । तीमध्ये ठूला-वडा व्यापारीहरूसमेत धेरै सङ्ख्यामा दोभाषे छन् । नेपाली नागरिकको नाममा धेरै व्यापारीहरूको समेत विदेशी लगानी छ । ती नेपाली व्यापारी मात्र एजेन्ट बनेका हुन् भन्ने आरोप छ । पुँजीवादी व्यवस्थामा यो खुला संसारको 'व्यापार अपार' को अर्थको रूपमा लिइन्छ ।

**दोषी को हो त ? अनि निराकरण ?**

पुराना नेताहरूलाई 'सरापेर' के साध्य ? के सबै सहिद हुनको लागि राजनीतिमा लागेका होलान् र ! के तिनीहरूले साम्राज्यवाद, उपनिवेशवाद र विस्तारवादको विरोध गरेका थिए र ? के तिनीहरूले पुँजीवादको विरोधका साथै 'नयाँ जनवाद' र 'समाजवाद' को बाटोमा लाग्ने सङ्कल्प गरेका थिए ? तिनीहरूले कहिले पनि त्यसको निम्ति आफूलाई ती सिद्धान्त र व्यवहारमा इमानदारी देखाएका थिएनन् । यसकारण केही दैनिकले लेख्यो - "तिनीहरूले 'सिद्धान्त' बेचेर खाने व्यवसाय गरे," कसैले ठिकै भने - 'तिनीहरूले सिद्धान्तलाई बङ्ग्याएर खाए, गर्मीयाममा लामखुट्टेको औषधिको नाममा "झुल हालेर सुत्नू" भन्ने कागजको पुर्जी लेखेर जनतालाई ठगे जस्तै ठगे ।

पुराना नेपाली नेताहरू भारतीय स्वतन्त्रता आन्दोलनका समर्थक मात्र थिएनन् । आज हेरौ भारतको स्थिति ! के सन् १९४७ मा बेलायती उपनिवेशबाट भारतले स्वतन्त्रता पाएको थिएन ? चीनले सन् १९४९ मा अर्थात् दुई वर्षपछि चिनियाँ जनताले धेरै साम्राज्यवादीहरूबाट सशस्त्र मुक्ति सङ्घर्षमा विजय प्राप्त गरे । मुक्तिको एक शताब्दी नपुग्दै चीनले सारा चिनियाँ जनतालाई 'गरिबी'बाट मुक्ति दिलायो । गरिबी हटाउनुको अर्थ - रोजगारी र खान पाउनु, छाना र नाना पाउनु हो, कोही भोको नहुनु हो । तर, भारतमा आज पनि आधा जनसङ् ख्या गरिबीमा छन् र एक छाक खान्छन् । दहेजको कारण र कृषि ऋण तिर्न नसकेर आज पनि भारतमा वर्षमा लाखौं किसान र गरिब जनता आत्महत्या गर्छन् । किनभने भारत आज पनि पुँजीवादी व्यवस्थामै छ - जसरी संयुक्त राज्य अमेरिका र बेलायत ।

संयुक्त राज्य अमेरिकी राष्ट्रपति ट्रम्प पुन: दोस्रो पटक भर्खर राष्ट्रपति बने । उनको व्यवहार र नीतिले सारा अमेरिकी प्रगतिशील बुद्धिजीवी आश्चर्यमा छन् । त्यहाँको समस्या त कति विकराल छ भने उनले संसारलाई कति समस्या थप्दै जाने हो हेर्न बाँकी नै छ ।

अत्यन्त बहुमत नेपाली निश्चय पनि छिमेकी र आफ्नै छिमेकीहरूको बारे समेत कम जानकारी राख्छन् । भारतीय स्वतन्त्रताका अगुवा नेता गान्धीजी आफ्नै हिन्दुवादी जनताबाट मारिए, उनी भारतलाई टुक्राउन चाहँदैनथे तर के अन्य भारतीय नेताहरू र बेलायती उपनिवेशवादीहरू सिङ्गो भारत चाहन्थे र ? जसरी संयुक्त राज्य अमेरिकाले मध्यपूर्व अरबका देशहरूमा शान्ति चाहँदैनथ्यो त्यस्तै बेलायती उपनिवेशवाद पनि भारतमा धर्म र जातको नाममा भिडाउँदै थियो ।

बेलायती उपनिवेशवादीहरू टाटा र बिडलाजस्ता ठूला ठूला पुँजीपति वर्गमार्फत गान्धी, नेहरू र अन्य माथिल्ला नेताहरूलाई सहयोग गर्न दिएका थिए, यस्ता नयाँ रहस्यहरू खुल्दै छन् । नेहरूले अस्वीकार गरेपछि त्यही रकम गान्धीजी मार्फत नेहरू कहाँ पुग्थ्यो । यस्ता रहस्यहरू थाहा पाउँदा साधारण जनता पत्याउन गाह्रो मान्छन् र गान्धीजीको 'सादा जीवन'लाई चालु राख्न सम्पन्न जीवन धान्न भन्दा धेरै रकम बढी खर्च हुने सम्बन्धित अखिल भारती कांग्रेस पक्षले खुलासा गऱ्यो ।

सुभाषचन्द्र वोष निश्चय पनि भारतको स्वतन्त्रताको पक्षमा थिए, तर सशस्त्र सङ्घर्ष मार्फत स्वतन्त्रता सङ्ग्राम नचाहने अखिल भारतीय कांग्रेसको बहुमत नेतृत्व त्यसको विपक्षमा थियो । देशभक्ति र देशको स्वतन्त्र सङ्ग्रामको निम्ति उनले हिटलर, मुसोलिनी र जापानी सैन्यवादसँग सम्बन्ध राखे । संसारको तत्कालीन साम्राज्यवाद र उपनिवेशवाद विरोधी अन्तर्राष्ट्रिय परिस्थिति फासीवादको विरोधमा थियो । यसकारण, नेताको भावना र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिस्थितिसँग सैद्धान्तिक र व्यावहारिक तादत्म्यताको अभावमा राम्रै भावना र देशभक्ति पनि गलत निर्णयमा पुग्ने व्यवहारले देखायो ।

हामी नेपाली जनता आफ्ना छिमेकीहरूको बारेमा राम्रो जानकारी नराख्दा हाम्रा निर्णयहरू पनि उद्देश्य विपरीत हुने व्यवहारले देखाउँछ । साँचोमा हाम्रा सरकार र खास गरेर अर्थमन्त्रीहरूले अमेरिकी 'लामो कोट नेपाली शरीर' मा लगाउँदा देश ऋणमा डुबेको हो ।

**गणतन्त्र पछिको नेपाल**

नेपालले गणतन्त्रको घोषणापछि नेपाली कांग्रेसको तर्फबाट रामवरण यादव, रामचन्द्र पौडेल तथा एमालेको तर्फबाट विद्या भण्डारी राष्ट्रपति पदमा पुगे । तर, ती तीनै जनासँग राम्रो परिचित एक राजनैतिक व्यक्तिको भनाइमा उहाँहरू सामान्य राजनीतिक नेताहरू मात्र हुन् र उहाँहरूसँग देशलाई समाजवादमा लैजाने वा पुँजीवादको शिखरमा पुऱ्याउने जस्ता कुनै परिकल्पना थिएन । उहाँहरूमा पदअनुसारको काम संविधान र ऐन- कानुनको सीमाभित्र बसेर कार्यकाल पूरा गर्ने उद्देश्यबाहेक केही देखिएन । किनभने, उहाँहरू त्यस पदका आकाङ्क्षी र योग्य भएर तयार गरिएका राजनैतिक कार्यकर्ता र नेता हुनुहुन्थेन । उहाँहरूको जानकारी संयुक्त राज्य अमेरिका, बेलायत र भारतमा केन्द्रित थियो र उहाँहरूको राजनैतिक क्षितिजको सीमा नै सान्है कम उचाइको थियो ।

नेपाली नेता र कार्यकर्ताहरूको राजनीति उद्देश्य आफै स्पष्ट नहुनुको कारण नयाँ नेताहरू पनि आफ्ना अग्रजहरूकै पद चिन्हमा पछि लागे । अभिभावकहरू र हाम्रा मतदाताहरू पनि त्यस्तै छन् । राम्रो दूधअनुसार घिउको मात्रा र गुण निर्णय गर्छ भने जस्तै जात, भाषा, धर्म, गरिबी, क्षेत्रीय र अनेक सङ्कीर्णताहरूबाट माथि उठी नसकेका हाम्रा नेपाली बुद्धिजीवीहरूको सोच र उद्देश्यको सीमा पनि साधारण जनताको जस्तै हुनु स्वाभाविक हो । साधारण मतदाताहरू सचेत नभएसम्म राजनीतिले उचाइमा टेक्ने सम्भावना कम हुन्छ । गरिबी र आर्थिक समस्याले नेपालमा मात्रै होइन अन्य विकासशील देशहरूको अवस्था पनि झन्डैझन्डै समान देखिन्छन् ।

तर, अफ्रिका विकासशील देशहरूकै समूह भए पनि धेरै नेताहरूले स्वाधीनता र मुक्तिको निम्ति आफूलाई समर्पित गरेका धेरै उदाहरणहरू छन् । प्याट्रिस इमेरी लुमुम्बा (कङ्गो), क्वामे एन्क्रुमा (घाना), सेकुटुरे (गिनी), मुअम्मर गद्दाफी (लिबिया), जुलियस न्येरेरे (तान्जानिया), बेन बेल्ला (अल्जेरिया), समोरा माशेल (मोजाम्बिक) आदि नेताहरूको सङ्घर्षबारे हाम्रा नेपाली युवा र कार्यकर्ताहरूले धेरै कम मात्र जानकारी पाएको अनुमान छ । त्यस्तै क्युवाको राष्ट्रपति फिडेल क्यास्ट्रो, चिलीको सालभाडोर एलेन्डे, भेनेजुयलाको ह्युगो चाबेज आदि दक्षिण अमेरिकी देशहरूका राष्ट्रपति र नेताहरूका बारे पनि नेपालको राजनैतिक दबुलीमा सान्है कम चर्चा हुन्छ ।

नयाँ राजनीतिक पुस्तालाई एसिया, अफ्रिका र दक्षिण अमेरिकी देशहरूको स्वतन्त्रता र देशको विकासको सङ्घर्षबारे जानकारी दिलाउन पाए आजको पुस्ता हिजोको पुस्ता जस्तै उपनिवेशवादीहरूसँग त्यसरी झुक्ने छैनन् । यसको मुख्य जिम्मेवारी लिनुपर्ने ठाउँ विद्यालय, विश्वविद्यालयहरू तथा शिक्षक एवम् प्राध्यापकहरू हुन् भन्ने जानकारी संसारका धेरै राष्ट्रपति र प्रधानमन्त्रीहरूको क्रान्तिकारी सङ्घर्षहरूबाट थाहा हुन्छ ।

*(वागीश्वरी स्मारिका २०८१ बाट साभार)*

## आधुनिक र शिक्षित युवा, परिवर्तन र सकारात्मक सोचका खम्बा

✍ विनिता तामाङ

हिम्मत गर साहस गर
अवेर भो अब होस गर
यी पौरखी पाखुराको नसा नसामा जोस भर

धन्यवाद छ कार्यक्रम सञ्चालक ज्यूलाई । आदरणीय यस सभाका सभापति महोदय, प्रमुख अतिथी, विशिष्ट अतिथी निश्पक्ष निर्णायक मण्डल एवम् उपस्थित सम्पूर्णमा म विनिता तामाङको तर्फवाट स्विकार्नुहोस् न्यानो अभिभावदन ।

आजको यस वक्तृत्वकलाको शीर्षक 'आधुनिक र शिक्षित युवा: परिवर्तन र सकारात्मक सोचको खम्बामा आफ्ना धारना राख्दै छु ।

राष्ट्रिय युवा नीति २०७२ को परिभाषा अनुशार युवा भनेको १६ देखी ४० वर्षसम्मको उमेर समूहलाई भनिन्छ । युवा भनेको
गतिशीलता हो
देशको मेरुदण्ड हो
परिवर्तनको संवाहक हो
र सक्रिय जनसंख्याको एक अंश हो

आधुनिक भनेको वर्तमान समयको वा नयाँ बुझिन्छ । हालसम्को, शिक्षित भनेको शिक्षा प्राप्त गरेको, पढेलेखेको वा बुझेको हो । इतिहासको पन्ना पल्टाएर हेर्ने हो भने राणाकालमा जम्मा २ प्रतिशत साक्षरता दर थियो । पञ्चायत कालमा (२०२७) मा यो दर १० प्रतिशत पुग्यो तर आज नेपाल राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुशार साक्षरता दर छयत्तर दशमलव तीन प्रतिशत रहेको छ । (७६.३ प्रतिशत) त महोदय, नेपाली साक्षर भएका हैनन् र ? राणाकालमा मोवाइल र इन्टरनेट त एकादेशको कथा नै हुने भयो । प्रजातन्त्रको स्थापना पश्चात २००७ चैत्र २० गते रेडियो नेपालको स्थापना भइ नेपाली जनताले पहिलो पल्ट समाचार सुन्न पाए । पञ्चायतको अन्त्य पश्चात २०५१ सालमा पहिलो पल्ट इन्टरनेटको औपचारीक स्थापना भयो र आज सम्म आइपुग्दा 'डेटा पोर्टल' का अनुसार १६.५ मिलियन नेपालीले इन्छरनेट चलाउछन् । के युवा आधुनिक हुदै हैनन् महोदय...?

'Secret of Millionarie Mind 'का लेखक ' T Harv Eker' ले भनेका छन् ' Your Inner World Creates Your Outer World' अर्थात तपाईको सोचले तपाईको वास्तविकता निर्धारण गर्छ । युवा .... हो , हामी खोट र त्रुटि खोज्न पोख्त छौं । त्यही जन्मन्छ समाधान गर्ने प्रयास गरौं । त्यही जन्मन्छ उद्यमशीलता ।

आजभन्दा ४ महिना अघि अर्थात मंसिर २४ गते भक्तपुर महोत्सव भएको थियो । मैले सोचे ' सबै युवा विदेश गएका छन् । के नै हुन्छ होला र महोत्सवमा ।'

आखिर मैले जे, सोचे त्यो भएन । महोत्सवमा मैले देखे युवाहरू आआफ्ना क्तबचतगउ कतर्बी मा घरमा बनेको अर्थात हातले बनाएको फुल, केक जस्तै देख्ने साबुन, गरगहना, आदि देखे । अनि बुझे नेपालमा उद्यमी सोच राख्ने युवाहरू पनि रहेछन् ।

आज युवाहरू आधुनिक हुदै गर्दा महिनावारी हुँदा केक काट्ने चलन बन्दै छ । सेलोमा, देउडामा रमाउँदै, धिमेमा झुम्दै अनि मारुणीमा कम्मर हल्लाउँदै छन् आजका युवा । के यो उदाहरणीय कदम छैन ।

अब तपाई सोच्नु होला राजनीतिमा केही भा छैन । तर के आज भोट हाल्नु अघि कमसेकम 'घोषणा पत्र' हेरिन्न र ? यो एक पार्टी र अर्को पार्टीको तुलनात्मक अध्ययन गरिन्न र । के आज देशको सिमा मिचिंदा अनि देशघाती सम्झौता हुँदा जनता सडकमा उत्रदैन त ?

के इन्टरनेट मार्फत युवाहरूले सरकारको खबरदारी गर्दैनन् र ?

अब सोच्नु होला यस्ता ससाना कुराले परिवर्तन हुँदैन भने सुन्नुहोस :

Atomic Habits पुस्तकका लेखक James Clear ले भनेका छन् यदि १० फरक भयो भने New York मा बिलम हुनुपर्ने Plain Washing ton DC मा हुन्छ । यहि सानो सानो सकारात्मक परिवर्तनले ठूलो परिनाम युवा आउदै गर्दा देशको ५ ज: जल जमिन, जनसंख्या,जडीबुटी, जङ्गलको अधिकतम प्रयोग गरी विकासको मूल फुटाउन सकिन्छ ।

फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काडै संसार भनेझैं एकपटक आशावादी भएर सकारात्मक ऊर्जा आफूमा भरौं आफ्ना खुला अनि परिवर्तनशील बोधले हरेका क्षेत्रमा सफलता हासिल गरौं ।

अन्तत:
युवा नै हुन् देश निर्माण गर्ने दरो भर
युवा विना अघि बढ्ने कुनै देश छ र

## क्षमता अभिवृद्धि तालिम सुरु

- दीपिका न्यौपाने

सूर्यविनायक नगरपालिकाको आयोजनामा आर्थिक वर्ष २०८१/८२ लाई लक्षित गर्दै दधिकोटमा जेठ १२ गते पाँच दिने क्षमता अभिवृद्धि तालिम सुरु भएको ।

कार्यक्रममा सूर्यविनायक नगरपालिका वडा नं ४ का वडाध्यक्ष लक्ष्मुराम न्यौपानेले स्थानीय महिलाहरूको व्यावहारिक ज्ञान र सीप विकास गरी उनीहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताउँदै तालिम मार्फत सिकेका सीपलाई भविष्यमा रोजगारमुखी बनाउने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा वडा कार्यलयका प्रतिनिधिहरू, विभिन्न स्थानिय संस्था, महिला समूहबाट प्रतिनिधिहरू सहभागी भएका छन् ।




The Global Plant Humanities Network को आयोजनामा सम्पन्न दोस्रो अन्तराष्ट्रिय सम्मेलनमा वागीश्वरी कलेजबाट पेपर प्रिजेन्टेसनसहित सहभागी वागीश्वरी कलेज मानविकी संकायका इन्चार्ज राजन फेलु ।




बिए चौंथो वर्षमा अध्ययनरत विद्यार्थीहरूले आयोजना गरेको सामुदायिक संलग्नता कार्यक्रम : रक्तदान अभिमुखीकरण कार्यक्रम ।



बिए चौंथो वर्षमा अध्ययनरत विद्यार्थीहरूले आयोजना गरेको सामुदायिक संलग्नता कार्यक्रम : महिलाहरूलाई स्तन क्यान्सरबारे सचेतना अभिमुखिकरण कार्यक्रम ।

## सन्तानलाई चिठी

✍ गीता खनाल
शिक्षक
फाकफोकथुम इलाम

मेरा प्रिय सन्तानहरू
तिरस्कृत गाउँको शून्य भित्तामा
टिपेर खुसीको आभा
सल्काउँदै छु रापिलो एक अञ्जुली घाम
अनि प्रतीक्षाको ताप्केमा सेकाउँदै छु
विवशताको चिसो रोटी

कल्पनामा खिचेर
आगमनका स्निग्ध तस्वीर
सिकाउँदा मनको प्रिय क्यानभासमा
तरङ्गित बन्छ पवन र भर्छ पर्खाइको मधुर सङ्गीत

मेरा प्रिय सन्तानहरू
नदीझैं बगेर एक बिहान समय
माग्छ जगमग बस्ती
फुस्कन्छ ओठबाट लाचार हाँसो
हत्केलाले छेक्छु चैतको आँधी
फुल्छ विश्वासको एकलहर बेगमबेली

सखारै बज्छ फोनको टिर्र घण्टी
परास्त हुन्छ आस्थाको अनुहार
थर्थराउँछ भरोसाको मूल खाम्बो
चल्छ उपेक्षाको चिसो स्याँठ
क्षतविक्षत हुन्छ मुटु ॥
मेरा प्रिय सन्तानहरू
दनदनी बलिरहेको समय
क्षितिजसम्मै उडेका आगोका फिलिङ्गाहरू
जीवनको टुकीमा सल्किसकेको सलेदो
निस्पट्ट संसार
कान नै फाट्ने गरी
बज्दैछ कोरस धुन
टाढिदैछन् उधारा खुसीहरू
नजर नै नपरेको वृद्धाश्रमको
म एक्लो वृद्ध
पर्खिरहेछु अलिकति उज्यालो
चपाउँदै भोकका अगणित गाँस
बन्द आँखाले बनाएर सग्लो अनुहार
जपिरहेछु तिम्रो नाममा अखण्ड जप
उनेर आर्शिवादको अजम्बरीमाला ॥ धन्यवाद

## वागीश्वरी हामी

- शिक्षिका भगवती आचार्य

वागीश्वरी हामी रहौंला कहाँ
विद्यार्थी नरहे विद्यार्थी नभए ।

उचाइ हाम्रो चुलिन्छ कहाँ
तिमीले नपढे तिमी अघि नबढे ।

शिक्षक कर्मचारी सुनका टुक्रा
विद्यार्थी हिरा हो ।

मिहिनत र परिश्रम गुणस्तरीय शिक्षा
हाम्रो वागीश्वरीको ।

ए कहाँबाट सफल हुन्छौं
एकजुट नभए ।

# विद्यार्थीहरूलाई एआई टुल्स सम्बन्धी तालिम

भक्तपुर । वागीश्वरी माध्यमिक विद्यालयमा कक्षा ९ देखि १२ सम्मका सिभिल इन्जिनियरिङ्गका विद्यार्थीहरूलाई लक्षित गरी नि:शुल्क एआई टुल्स तालिम नेक्स्टस्टेप इन्फोटेक ट्रेनिङ सेन्टरले सफलतापूर्वक सम्पन्न गरेको छ ।

यस तालिमको उद्देश्य विद्यार्थीहरूलाई आधुनिक प्रविधिहरूको ज्ञान प्रदान गर्दै उनीहरूको सृजनात्मकता, विश्लेषणात्मक क्षमता र परियोजना व्यवस्थापनमा दक्षता अभिवृद्धि हुने वागीश्वरी माध्यमिक विद्यालयका शिक्षक दिनेश प्रधानले आशा व्यक्त गर्नु भयो ।

तालिममा एआई टुल्सको प्रयोगबाट डिजाइन, विश्लेषण र योजना निर्माणमा उत्पादकता बढाउने तरिकाहरू सिकाइएको थियो ।

*नवआगन्तुक विद्यार्थीलाई...*

सामूहिक प्रयास गरी समाजमा उदाहरणीय भएको वताउनुभयो । विद्यालय जीवन स्वर्णिम वनाउन वागीश्वरी मा.वि.ले थप साथ दिई विद्यार्थीहरूको उज्ज्वल भविष्य निर्माणको गन्तव्यका रूपमा विकास भएको बताउनुभयो ।

अभिभाकवको विश्वास, विद्यार्थीहरूको अनुशासन, शिक्षकको दक्षता र व्यवस्थापनको कुशल व्यवस्थापनले विद्यालयले सफलता प्राप्त गरेकामा सबै प्रति उहाँले आभार व्यक्त गर्नुभयो ।

कार्यक्रमका अतिथि तथा शिक्षा विकास निर्देशनालय हेटौडा, वागमती प्रदेश योजना प्रमुख पवित्रा तिमल्सिनाले सरकारी विद्यालयहरूमा विद्यार्थीहरू घटिरहेको अवस्थामा यस वागीश्वरी मा.वि.मा आकर्षक विद्यार्थीहरूको आगमनले प्रभावित भएको बताउँदै नमुना विद्यालयले अभ्यास गर्नुपर्ने विभिन्न अभ्यासहरू वागीश्वरी मा.विमा अनुसरण भई रहेकोमा खुशी व्यक्त गर्नुभयो ।

त्यसैगरी कार्यक्रमका सभापति तथा वागीश्वरी मा.वि.का प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले २०८२ सालमा पीजीदेखि कक्षा ९ सम्म ६४० जना नयाँ भर्ना भएको जानकारी दिनुभयो । विद्यालयमा विद्यार्थीहरूले आचारसंहिताको पालना, सबै किसिमको परीक्षाको परिणाम, अभिभावकहरूको उचित सुझाव तथा दक्ष शिक्षकशिक्षिकाहरूको सहयोगले वागीश्वरी मा.वि नमुना विद्यालय कायम रहेको बताउनुभयो ।

कार्यक्रममा आ.वि.तह विद्यालय परीक्षा संयोजक मीना प्रजापति, विद्यालय इन्चार्ज तथा कार्यक्रम व्यवस्थापन समिति संयोजक विश्वराम प्रजापति, सरस्वती विद्यागृहका प्रधानाध्यापक गनुराज राई, विद्यार्थी प्रतिनिधितर्फ कक्षा ६ 'ए' र सोनिया शाही कक्षा ८ 'ए'ले शुभकामना मन्तव्य दिनुभएका थियो ।

उद्घाटन सत्रपछि सांस्कृतिक कार्यक्रमका क्रममा विद्यार्थीहरूले १७ वटा प्रस्तुति दिएका थिए ।

*कर्णाली प्रदेशका...*



त्यस्तै कालिकोटका दुईटा स्कुलहरू फोइकोटको श्री महादेव नमुना मा.वि. र राँचुलीको कालिका मा.वि. अवलोकन गरिएको थियो भने दैलेखका दुइटा स्कुलहरू लैनचोर चामुन्दा बिन्द्रासैनीको जनता मा.वि. र सदरमुकामको त्रिभुवन मा.वि. पनि अवलोकन गरिएको थियो । भ्रमणको क्रममा अन्तिम नवौं स्कुल पिपलबोट सुर्खेतको जन नमुना मा.वि. रहेको थियो । भ्रमण टोलीले अवलोकन गर्न गएका स्कुलमा भएका असल अभ्यासबारे जानकारी लिन चाहेको थियो भने अवलोकित स्कुलको परिवारले वागीश्वरी स्कुलका असल अभ्यासबारे जिज्ञासा राखेको थियो । दुवै पक्षबिच असल अभ्यासका अनुभवहरू आदानप्रदान भएको कुरा टोलीका अर्का सदस्य वागीश्वरी मा.वि.का स.प्र.अ. उकेश सुवालले बताउनुभयो ।

लामो दुरीको यात्राका कारण निर्धारित समयमा विद्यालयमा पुग्न नसक्दा पर्याप्त मात्रा अन्तर्क्रिया गर्न नपाएको गुनासो शिक्षक भानुभक्त हुमागाईले गर्नुभयो । उहाँका अनुसार गोठीज्युला र पाण्डवगुफामा पुग्दा ५ बजे नाघिसकेकाले कनकासुन्दरीका शिक्षक दीर्घबहादुर शाही र पाण्डवगुफाका प्रअ. दीपेन्द्र रोकायासँग मात्र भेटघाट गर्नुपरेको थियो । त्यस्तै सुर्खेत पुग्दा साँझको सात बजेको हुँदा जन नमुना मा. वि. मा पुगे पनि प्र.अ. यम श्रेष्ठसँग फोनमा मात्र बातचित गर्नुपरेको थियो ।

शिक्षक गेहेन्द्र दाहालले आफू महादेव मा.वि फोइकोटको पच्चीस विघा जग्गा र त्यस बिचमा बन्दै गरेको क्रिकेट मैदानले प्रभावित भएको बताउनुभयो । उहाँले भन्नुभयो -'कर्णाली राजमार्ग छोडेर लामो बाटो हिँडेर गएको थकान त्यहाँको भव्यता देखेपछि सबै मेटियो । पच्चीस विघामध्ये केहीमा स्याउ,गहुँ, जौ खेतीसमेत लगाएको देखियो ।

प्राविधिक धारका शिक्षक सुनिल खाइतुले दुखेसो पोख्दै भन्नुभयो -'त्यस्तो भव्य भौतिक अवस्था भएर पनि प्राविधिक धारमा विद्यार्थी न्यून भई कक्षा सञ्चालन नहुनु देशकै लागि विडम्वना हो ।'

फोइकोटको महादेव मा.वि.मा भएको छलफल कार्यक्रममा प्र. अ. नरदीप शाहीले सरकारकै गलत नीतिका कारण प्राविधिक कक्षा सञ्चालन नभएको बताउनुभएको थियो । स्थानीय आवश्यकता र सम्भाव्यता केही नहेरी मागे जतिलाई भटाभट सम्बन्धन दिंदा अहिले कही पनि पुग्दो विद्यार्थी नभएको अवस्था सिर्जना भएको पनि उहाँले बताउनुभएको थियो ।

भ्रमणको अनुभव सुनाउँदै शिक्षक ज्ञानेन्द्र श्रेष्ठले भन्नुभयो-' नेपाल राष्ट्रिय मा.वि.का शिक्षकले चैत्रबैशाखमा भएको शिक्षक आन्दोलनको क्रममा काठमाडौं गएका शिक्षकहरू अहिले जेठ ६ गतेसम्म पनि फर्केर आएका छैनन् भनेको सुन्दा मलाई त अचम्म लाग्यो ।'

शिक्षक मङ्लेश्वर ध्वजुले भ्रमणको अनुभव सुनाउँदै भन्नुभयो-' वास्तवमा कर्णाली प्रदेश पछाडि परेको नभई पछाडि पारिएको भन्ने देखियो । सम्भावनाका प्रशस्त स्रोत र साधनहरू हुँदाहुँदै पनि त्यसको उचित सदुपयोग नभएको देखियो । 'साथै हरेक दिनको ठाउँठाउँको बसाइमा वागीश्वरी स्कुलको प्रचार फ्लेक्स टाँग्नु पनि भ्रमणको उपलब्धी भएको पनि उहाँले बताउनुभयो ।

नारायण नगरपालिका दैलेखको त्रिभुवन मा.वि.का प्र.अ. निरकबहादुर तारामीले विद्यालयमा १०५८ जना विद्यार्थी अध्ययनरत रहेको, एसईई २०८० मा नियमिततर्फ ४१ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण भएको, एसईई २०८१ मा १३८ जना सम्मिलित भएको जानकारी दिनुभएको थियो । उहाँका अनुसार विद्यालयमा विद्यार्थीसित कुनै शुल्क उठाइएको छैन ।

त्यस्तै चन्दननाथ मा.वि. खलङ्गा जुम्लाका प्र.अ. टङ्क महतले विगतको तुलनामा प्राविधिक तर्फ विद्यार्थी सङ्ख्या घट्दै गएकोमा चिन्ता व्यक्त गर्नुभएको थियो ।

*विद्यार्थीहरूको सर्वेक्षण ...*

साथै समुदायको हितको लागि वागीश्वरी कलेज र शिखरापुर सामुदायिक कलेज सगोत्री हुन सकेको प्रसङ्ग उठाउनुभयो ।

सो सिकाइ केन्द्रका निर्देशक एवं स्रोतव्यक्ति निरोज श्रेष्ठले सही सोच, नवप्रवर्तन, समर्पण, असल अभ्यास र निरन्तर मिहिनेत नै सफलताको कडी हुने बताउनुभयो ।

कार्यक्रम प्रशिक्षक मंगलेश्वर ध्वजूले स्नातक तह मानविकी सङकायका विद्यार्थीहरू सो सिकाइ केन्द्रमा हालसम्म सातौं पटकको विविध कार्यक्रममा सक्रिय सहभागी भएको जानकारी दिनुभयो ।

विद्यार्थीहरूले बिहान प्रसिद्ध दक्षिणकाली मन्दिर दर्शन गरेर वातावरण मैत्री बोटलका घरहरू अवलोकन गरेका थिए । अर्को सत्रमा सिकाइ केन्द्रका नयाँ भवनको सभाकक्षमा अभिमुखीकरण कार्यक्रममा सहभागी भएर त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरूको टोली र युरोपियन विद्यार्थीहरूसँग अन्तरसंवाद गरेको थिए ।

सो एक दिने कार्यक्रममा विद्यार्थीहरूको चार समूहले प्रतिभा पलायन, फर्पिङको संस्कृति, शिखरापुर सामुदायिक सिकाइ केन्द्र र जीवनपद्धति विषयमा इखापोखरी टोलमा सामाजिक सर्वेक्षण पनि गरेका थिए । सर्वेक्षणपश्चात् दिनभरको क्रियाकलापको सम्बन्धमा सिकाइ केन्द्रकै निशा बिसुंखेले सामाजिक नक्शा लेखनमा सहजीकरण गर्नुभयो ।

समापन समारोहमा कार्यक्रमको दौरानमा सिकेका कुराहरू विद्यार्थीहरू सुरुचि श्रेष्ठ र विनु खाइजूले प्रस्तुतीकरण दिएका थिए र ग्रामीण विकासका शिक्षक सुशिला घजुले धन्यवाद दिएको सो समारोहमा समाजशास्त्रका शिक्षक अम्बरदली श्रेष्ठले कार्यक्रम सञ्चालन गरेको थिए । २० जना विद्यार्थीहरू र ३ जना शिक्षकहरूको सो टोली कीर्तिपुरको टौदह पोखरीको दृश्यावलोकन गरेर कलेज फर्केको थियो ।

## फोटो फिचर

ख्वप कलेजको आयोजनामा सम्पन्न चौथो राष्ट्रिय सम्मेलनमा वागीश्वरी कलेजबाट पेपर प्रिजेन्टेसनसहित सहभागी शिक्षक नारायणकुमार श्रेष्ठ र विद्यार्थी पूजा लामा ।







वागीश्वरी कलेजका विद्यार्थीहरू शिल्पी थियटरमा



ग्लोबल एकेडेमी स्कुल, सुर्यविनायक स्थित बिए चौँथो वर्षमा अध्ययनरत विद्यार्थीहरूले आयोजना गरेको सामुदायिक संलग्नता कार्यक्रम "An Orientation Program to the Youth about the Role of Local Government in Grassroot Level for Making Empowered"




भक्तपुर स्थित आदर्श आजाद मा.वि १२ कक्षा अध्ययनरत विद्यार्थीहरू माझ बिए चौँथो वर्षमा अध्ययनरत विद्यार्थीहरूले आयोजना गरेको सामुदायिक संलग्नता कार्यक्रम :"Disseminate Laws and Policies Related to Cyber Crime"




भक्तपुरको तैकावुको महिलाहरूलाई स्वास्थ्य बुड्यौली सुनिश्चित गर्न रजोनिबृत्तिको बारेमा शिक्षित गर्दै बि.ए. चौथो वर्षद्वारा आयोजित सामुदायिक संलग्नता कार्यक्रम ।




प्रकाशक: वागीश्वरी कलेज स्नातक तह तेस्रो वर्ष कार्यमूलक नेपाली पत्रकारिताका विद्यार्थी कार्यालय: वागीश्वरी कलेज, फोन नं.: ६६१८३१९, www.bagisworicollege.com.np, Email:bagisworicollege072@gmail.com, कम्प्युटर: रोशनी श्रेष्ठ , मुद्रक: इन्द्रेणी छापाखाना, मिबाछें